# शिखर इन्स्योरेन्स कम्पनी लि.

एघारौं
वार्षिक साधारण सभा
को
निर्णय

शिखर बिज सेन्टर, थापाथली, काठमाडौं, नेपाल ।
फोन नं. ४२४६१०१, फ्याक्स नं. ९७७-१-४२४६१०३
पोष्ट बक्स नं. १०६९२,

शिखर इन्स्योरेन्स कम्पनी लि.
एघारौं वार्षिक साधारण सभाको
निर्णय विवरण

१. **वैधानिक सभा :**

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको एघारौं वार्षिक साधारण सभा कम्पनीको संचालक समितिका अध्यक्ष श्री विकास जंगबहादुर राणाज्यूको अध्यक्षतामा कम्पनीको केन्द्रीय कार्यालय भवन, शिखर बिज सेन्टर, थापाथलीमा मिति २०७२ चैत्र ५ गते शुक्रवार विहान ११:०० बजे प्रारम्भ भई दिउँसो १ बजे सम्पन्न भयो ।

२. **सूचना प्रकाशन :**

सभा हुने मिति, स्थान, समय र छलफल गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०७२ चैत्र ५ गते अगावै एघारौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन, आ.व. २०७१/०७२ को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखापरीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको र मिति २०७२ फल्गुण १३ गते कारोबार राष्ट्रिय दैनिक र सोही सुचना २०७२ फाल्गुन १४ गते अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी जानकारी समेत गराइएको थियो ।

३. (क) **संचालकहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री विकास जंगबहादुर राणा | अध्यक्ष |
| २. श्री वुद्ध एयर प्रा.ली.को तर्फवाट रमेश कुमार लुंइटेल | संचालक |
| ३. श्री राजेन्द्र प्रसाद श्रेष्ठ | संचालक |
| ४. श्री गौरव अग्रवाल | संचालक |
| ५. श्री इन्द्र प्रसाद कर्माचार्य | संचालक |
| ६. श्री स्कन्द अमात्य | संचालक |

(ख) पर्यवेक्षक :

१. श्री खेमराज खत्री - कम्पनी रजिष्ट्रारको कार्यालय

२.श्री अनुज कुमार रिमाल - नेपाल धितोपत्र वोर्ड

४. छलफलका विषयहरुको सूची :

छलफलका विषयहरु:

१. सामान्य प्रस्ताव:

क. आ.व. २०७१/७२ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।

ख. आ.व. २०७१/७२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तिय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।

ग. संचालक समिति वाट प्रस्तावित १.२६३१५८ प्रतिशत नगद लाभांश पारित गर्ने ( प्रस्तावित वोनस शेयरको कर प्रायोजनार्थ )

घ. लेखा परिक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७२/०७३ को लागि लेखा परिक्षकको नियूक्ति तथा पारिश्रमिक तोक्ने वारे ।

ङ. सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने संचालक पद संख्या - १ को निर्वाचन गर्ने वारे ।

च. विविध ।

क. नेपाल पुनर्बीमा कम्पनी लि. को शेयरमा गरिएको लगानी रकम अनुमोदन गर्ने बारे ।

२. विशेष प्रस्ताव:

क. सञ्चालक समितिको प्रस्ताव बमोजिम चुक्ता पुँजीको २४ प्रतिशत बोनस शेयरको प्रस्ताव पारित गर्ने । (बोनस शेयर बितरण गर्दा खण्डित शेयरको हकमा माथिल्लो नजिकको अंकमा परिणत गर्ने र सो गर्दा साविक कै शेयर स्वामित्व (पुँजी प्रतिशत) कायम राख्ने गरी जारी पुँजी तथा चुक्ता पुँजी संसोधन गर्ने । यसरी शेयर संख्या थपघट गर्ने अधिकार संचालक समितिलाई दिने ।)

ख. कम्पनीले संचालक समितिको निर्णय वमोजिम गरिएको चन्दा तथा समाजिक उत्तरदायित्व अन्तर्गत खर्चहरुलाई अनुमोदन गर्ने वारे ।

ग. प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अधिकार प्रत्यायोजन गर्ने ।

५. सभाको गणपुरक संख्या :

| | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत(%) |
|---|---|---|---|
| शेयरधनी संख्या | १६,५४४ | ८९२ | ५.३९ |
| शेयर संख्या | ४०,८७,८९८ | ३१,५०,२१९ | ७७.०६ |

## ६. सभाको वैधानिकता र अध्यक्षता :

साधारण सभाको कार्यवाही शरु हुनु अघि कम्पनी सचिव श्री सुरज राजवाहक ज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली बमोजिम प्रक्रिया पूरा गरी सभा बोलाइएको र यो सभा संचालन गर्न आवश्यक गणपूरक संख्या पूरा भै सभाको वैधानिकता कायम भएको घोषणा गर्नु हुँदै संचालक समितिका अध्यक्ष श्री विकास जंगबहादुर राणा ज्यूलाई सभाको अध्यक्षता ग्रहण गरी सभा संचालनको लागि आग्रह गर्नुभयो ।

## ७. सभाको संचालन तथा प्रतिवेदन प्रस्तुती :

कम्पनीको एघारौं वार्षिक साधारण सभा संचालन गर्ने क्रममा सभाका अध्यक्ष श्री विकास जंगबहादुर राणाज्यूले विषय-सूची अनुसार संचालक समितिको आ.व.२०७१/०७२ को वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात तथा नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण सम्वन्धमा संक्षिप्त रुपमा साधारण सभामा प्रस्तुत गर्दै एघारौं वर्षमा नै बीमा शुल्क आम्दानी जारी बीमालेख संख्या खुद नाफा नेटवर्थ, दावी भुक्तानीमा अग्रणी स्थानमा रहन सफल भएको जानकारी गराउनु भयो । यस कम्पनीमा २०७२ वैशाख १२ गतेका दिन आएको विनाशकारी भुकम्प तथा सो पछिका पराकम्पनहरुका कारणवाट परेका करिव १६०० भुकम्प दावीहरु मध्ये हाल सम्म करिब नब्बे प्रतिशत दावीको फच्छौट भई सकेको जानकारी गराउनु भयो । चालु आ.व. मा यस कम्पनीले सम्पन्न गरेको साधारण शेयरको नयाँ निश्काशन तथा यस साधारण सभावाट पारित हुने वोनश शेयर पश्चात नेपालको निजि क्षेत्रवाट प्रवर्द्धित बीमा कम्पनीहरु मध्ये रु.पचास करोड भन्दा वढी चुक्ता पुँजी तथा रु. सय करोड भन्दा वढी नेटवर्थ हुने पहिलो निर्जिवन बीमा कम्पनीको रुपमा स्थापित हुन सफल भएको जानकारी गराउनु भयो । कार्य-सुची वमोजिमको प्रस्तावहरु उपर छलफल गरी सम्पुर्ण शेयरधनी महानुभावहरुले स्वीकृत गर्नु हुने आशा व्यक्त गर्दै कम्पनीको हालको अवस्थाको तुल्नात्मक विवरण तथा कम्पनीको विभिन्न योजनाहरुको सम्वन्धमा साधारण सभामा प्रस्तुत गर्न कम्पनीका प्रमुख कार्यकारी अधिकृत दिप प्रकाश पाण्डेलाई निर्देशन प्रदान गर्नु भयो ।

कम्पनीको हालको अवस्थाको तुल्नात्मक विवरण तथा कम्पनीको विभिन्न योजनाहरु प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डेज्यूले निम्नानुसार प्रस्तुत गर्नु भयो -

- निर्जीवन बीमा व्यवसायको हरेक क्षेत्रमा उत्कृष्ट स्तर कायम गरी राष्ट्रको अन्य बीमा कम्पनीहरुका लागि समेत मार्गदर्शकको रुपमा अगाडी वढ्दै जाने लक्ष्य रहेको जानकारी गराउनु भयो ।
- बीमा ऐन, नियमावली तथा बीमा समितिवाट जारी निर्देशनको अधिनमा रही अन्य ऐनको पुर्ण पालना गरी कम्पनीको हरेक गतिविधिलाई पारदर्शी वनाई अगाडी वढ्न कम्पनी प्रतिवद्ध रहेको जानकारी गराउनु भयो ।
- कम्पनी वित्तीय रुपमा सुदृढ रहेको तथा बीमा शुल्क संकलन, बीमालेख जारी संख्या, खुद नाफा, खुदधारण र नेटवर्थमा बजार औषत भन्दा माथी रहेको जानकारी गराउनु भयो ।

- कम्पनीको बीमा बजार हिस्सा १२.५% रहेको, बीमा क्षेत्रमा यस कम्पनीले Brand Name स्थापित गरी ग्राहकहरुको विश्वास जित्न सफल भएको जानकारी गराउनु भयो ।
- कम्पनीको व्यवस्थापन तथा कर्मचारी समुह जस्तोसुकै चुनौती तथा समस्याहरुलाई अवसरका रुपमा परिणत गरी अगाडी वढ्न सक्षम रहेको जानकारी गराउनु भयो ।
- यस कम्पनीका विमित महानुभावहरुलाई भरपर्दो बीमासेवा उपलब्ध गराउन र लगानीकर्ताको लगानी सुरक्षित राख्न सदा अग्रसर रहने विश्वास व्यक्त गर्नु भयो ।
- कम्पनीका सक्षम कर्मचारीहरुको अथक प्रयासले कम्पनीको लक्ष्य पुरा गर्न सहयोग पुगेको धारणा व्यक्त गर्नु भयो ।
- मुख्य वित्तीय सुचक सम्वन्धमा कम्पनीको तुल्नात्मक विवरण तथा वजार औषतका सम्वन्धमा सभामा प्रस्तुत गर्नु भयो ।
- कम्पनीले नेपालको दुर्गम क्षेत्र लगायत सम्पुर्ण भागमा बीमा सेवा पुऱ्याउने लक्ष्य अनुरुप हाल सम्म ३० वटा शाखा कार्यालय स्थापना गरि सकिएको र यस आ.व.को अन्त सम्ममा ३५ शाखा कार्यालय पुऱ्याउने लक्ष्य रहेको जानकारी गराउनु भयो ।
- कम्पनीले जारी गरेको ५१०,९८८ कित्ता सर्वसाधारण शेयरको नयाँ निष्काशन (FPO) मा १४ गुणा भन्दा वढी आवेदन परेको जानकारी दिनु भयो । साथै कम्पनीद्धारा जारी सर्वसाधारण शेयरको नयाँ निष्काशनमा आवेदन दिनुहुने सम्पुर्ण आवेदक महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो । सर्वसाधारण शेयरको नयाँ निष्काशन वाट प्राप्त शेयर प्रिमियम रकम रु. २८,१०,४३,४००।- बाट कम्पनीको नेटवर्थमा थप वृद्धि भएको जानकारी गराउनु भयो ।
- कम्पनीको व्यवस्थापन खर्च को विभिन्न शिर्षक वृद्धि हुनुको मुख्य कारणहरु मध्ये शाखा कार्यालय विस्तार, थप कर्मचारी नियूक्ति, कृषि बीमाको प्रवर्द्धनकको लागि कृषि प्राविधिकको नियुक्ति, कर्मचारीहरुलाई दिईएको सवारी साधन सुविधा तथा जारी बीमालेखमा उल्लेख्य वृद्धि रहेको जानकारी गराउनु भयो ।
- करिव १६०० भुकम्प बीमा दावी मध्ये ६० वटा दावी मात्र भुक्तानी हुन वाँकी रहेको सभामा जानकारी गराउनु भयो । हाल सम्म करिव ८५ करोड रुपैयाँको भुकम्प बीमा दावी भुक्तान भई सकेको जानकारी गराउनु भयो ।
- कम्पनीको भविष्यमा शाखा विस्तार, स्वास्थ विमा प्रवद्धन , लघु विमा , पूँजी वृद्धि, लगानी विविधिकरण लगायत भावी योजनाहरु रहेको बारेमा सभामा जानकारी गराउनु भयो ।

**८. छलफलको लागि आह्वान :**

अध्यक्षज्यूले आ.व.२०७१/०७२ को संचालक समितिको एघारौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरणहरु तथा विविध पक्षहरु उपर आ-आफ्नो प्रश्न जिज्ञासा, प्रतिक्रिया, मन्तब्य एवं सुझाव दिनको लागि शेयरधनी महानुभावहरुलाई आह्वान गर्नुभएपछि निम्न बमोजिमका शेयरधनी महानुभावहरुले आ-आफ्नो राय सुझाव एवं प्रश्नहरु राख्नुभएको थियो ।

क. श्री उद्धव घिमिरे
ख. श्री माधव कुमार श्रेष्ठ

ग. श्री अमृत नाथ रेग्मी
घ. श्री माधव कुमार श्रेष्ठ
ङ. श्री मेजर कुवेर श्रेष्ठ
च. श्री तीर्थराज वसौला
छ. श्री रोज कुमार श्रेष्ठ
ज. श्री अमिर दास रन्जीत
झ. श्री डमरु वल्लभ घिमिरे
ञ. श्री रामगोपाल महर्जन
ट. श्री नर्सिंह लाल चखु
ठ. श्री इन्द्र कृष्ण श्रेष्ठ

९. **शेयरधनीहरुबाट सभामा प्रस्तुत भएका राय सुझाव एवं प्रश्नहरु :**

*९.१. उद्धव प्रसाद घिमिरे*

- पुनर्वीमा कमिशन वढाउनु पर्ने धारणा व्यक्त ।
- कम्पनीले ११ वर्षको दौरानमा राम्रो प्रतिफल कमाएकोमा खुशी व्यक्त ।
- निर्जिवन बीमा व्यवसायमा साधारण शेयरको नयाँ निष्काशन गर्नु प्रसंनिय भएको व्यक्त ।
- कुल दावी भुक्तानी राम्रो देखिएको व्यक्त ।
- अगामी वर्षहरुमा पनि शेयरधनीहरुलाई प्रतिफल निरन्तर हुनु पर्नेमा जोड ।
- कृषि वाली बीमा र स्वास्थ विमा वढाउनुमा जोड ।
- कम्पनीको संस्थागत सुशासन तथा संचालक समितिको संरचना राम्रो भएको व्यक्त ।
- हवाई तथा कृषि बीमा पोर्टफोलिओ नोक्सानीमा गएको सम्वन्धमा ध्यानाकर्षण गराउनु भयो

*९.२ श्री माधव प्रसाद श्रेष्ठ*

- Net profit target वारे खुलस्त पार्न आग्रह ।
- स्टाण्डर्ड मुल्य आम्दानी अनुपात वारे खुलस्त पार्न आग्रह ।
- बीमा समितिमा सुधार ल्याउनका लागि पहल गर्न आग्रह ।

*९.३ श्री अमृत नाथ रेग्मी*

- जगेडाकोष पूँजी भन्दा वढि हुनु पर्नेमा जोड ।
- Total shareholder's Fund अरु बीमा कम्पनी भन्दा वढी रहेको व्यक्त ।
- प्रमुख कार्यकारी अधिकृतको वित्तिय प्रस्तुतीलाई संचालक समितिको प्रतिवेदनमा समावेश गर्नु पर्नेमा जोड ।
- लेखा परिक्षकले औल्याएका कैफियतका वारेमा संचालक समितिको प्रतिवेदनमा उल्लेख गर्नु पर्नेमा जोड ।
- खुद नाफामा कम्पनी नम्वर एकमा रहेकोमा खुशि व्यक्त ।
- कुल दावी भुक्तानी/बीमा शुल्क आर्जन ३८% मा कायम राख्न सुझाव ।
- वुढापाका तथा विद्यार्थी वर्गलाई लक्षित गरी बीमालेख जारी गर्न आग्रह ।
- कम्पनीको Succession Plan को वारेमा प्रकाश पार्न आग्रह ।

*९.४ श्री कुवेर श्रेष्ठ*

- शेयरधनीलाई २४% वोनस शेयर प्रदान गरेकोमा धन्यवाद ज्ञापन ।
- बीमालेखको संख्या वढाउनु पर्नेमा जोड ।
- अगामी आ.व. सम्ममा प्रति शेयर आय रु.७५ पूऱ्याउनु पर्नेमा जोड ।
- बीमा जागरण कार्यक्रम चलाउनु पर्नेमा जोड ।
- दावी भुक्तानी प्रक्रिया सरल र सजिलो वनाउनु पर्नेमा जोड ।
- Shareholder's benefit Scheme ल्याउनु पर्नेमा जोड ।

*९.५. तीर्थराज वसौला*

- आ.व.२०७१।०७२ को संचालक समितिको प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशित हुने भएकोले राम्रो वनाउनु पर्ने सुझाव दिनु भयो ।
- लेखा परिक्षण समयमा सकाउनु पर्ने सुझाव व्यक्त ।
- वार्षिक प्रतिवेदनको भाषामा सुधार गर्नु पर्नेमा जोड ।

*९.६ श्री रोज कुमार श्रेष्ठ*

- भुकम्प सम्वन्धी दावी समयमा नै भुक्तानी गरेकोमा धन्यवाद व्यक्त ।
- मोटर बीमा व्यवसाय नोक्सान पोर्टफोलिओ रहेको सुझाव व्यक्त ।
- कृषि तथा पशुपालन बीमामा राम्रो वजार रहेको सुझाव व्यक्त ।
- पुनर्विमकलाई भुक्तानी गर्दा नेपाली रुपैयाँ विदेसिएकोमा चिन्ता व्यक्त गर्दै नेपाल पुनर्विमा कम्पनीमा पुनर्विमा गराउन सुझाव ।
- सोल्भेन्सी मार्जिन निर्जिवन वीमा कम्पनीहरुमध्ये उच्च रहेकोमा प्रसंशा व्यक्त ।

*९.७ श्री अमिर दास रंजित*

- लगानी प्रतिफल संतोषजनक रहेको व्यक्त ।
- लाभांश निति निरन्तर तथा वृद्धि हुनु पर्नेमा जोड ।
- प्रमुख कार्यकारी अधिकृतको Team Sprit तथा आत्मवल उच्च रहेकोमा प्रशंसा व्यक्त ।
- कुल बीमा शुल्क आर्जन रु.२३५ करोड पुऱ्याउनु पर्ने धारणा व्यक्त ।
- दुई जना स्वतन्त्र संचालक थप्नु पर्ने आग्रह ।

*९.८ डम्वरु वल्लभ घिमिरे*

- कम्पनीको सम्पुर्ण वित्तीय अवस्था राम्रो रहेकोमा खुशि व्यक्त ।

*९.९ श्री राम गोपाल महर्जन*

- सफलता पुर्वक FPO जारी गरी राम्रो शेयर प्रिमियम आर्जन गर्न सकेकोमा सम्पुर्ण कर्मचारी वर्ग एवं कम्पनीलाई वधाई ज्ञापन ।
- सामुहिक दुर्घटना विमामा ध्यान दिन आग्रह ।
- हवाई बीमा व्यवसायको घाटालाई नाफामा परिणत गर्न आग्रह ।

- विज्ञापन खर्च घाटाई कर्मचारी तालिममा खर्च गर्न सुझाव ।
- शाखा कार्यालय विस्तार संगै तिनिहरुको अनुगमन गर्न सुझाव ।
- साधारण सभा समयमा गर्न आग्रह ।

*९.१०श्री नर्सिंह लाल चखु (लिखित मन्तव्य)*

- खुद नाफा जगेडा कोष र लगानीमा राम्रो प्रगति गरेकोमा वधाई ज्ञापन ।
- कम्पनीको EPS, DPS , MPPS मा मनग्य सुधार भएकोमा वधाई ज्ञापन ।
- विभिन्न विमा कम्पनीहरुको तुल्नात्मक वित्तिय विश्लेषणमा यस कम्पनीको स्थान उच्च रहेकोमा खुशी व्यक्त ।
- शिक्षा पर्यटन कृषि र होस्पीटालिटि क्षेत्रमा जोड दिन आग्रह ।
- पुँजी वृद्धिको प्रवर्धनमा यस कम्पनीको स्थान राम्रो रहेको व्यक्त ।
- ROA, ROI मा अझै प्रखरता दिए राम्रो हुनेमा विश्वास व्यक्त ।
- कर्मचारीको कार्य मुल्याँकन गरी उनिहरुको आवश्यक्ता र चाहनालाई व्यवस्थापनले वुझी समय समयमा प्रोत्साहन दिनु पर्नेमा जोड ।
- हरेक शाखा कार्यालयले नाफा कमाउनु पर्नेमा जोड ।
- विभिन्न कम्पनीहरुको शेयरमा गरेको लगानीलाई दोश्रो वजारमा कारोवार गरी राम्रो नाफा ग्रहण गर्नु पर्नेमा ध्यानाकर्षण ।
- झुठा दावी भुक्तानीमा सजग रहनु पर्नेमा जोड ।
- earning per employee, Trend Analysis practice र earning Assessment management मा वढी जोड दिन सुझाव व्यक्त ।

*९.११. श्री इन्द्र कृष्ण श्रेष्ठ (लिखित मन्तव्य)*

- भुकम्प सम्वन्धी ९०% दावी भुक्तान गर्न सकेकोमा वधाई ज्ञापन
- २०७१।०७२ मा निर्जिवन बीमा व्यवसाय गर्ने कम्पनीहरु मध्ये सवै भन्दा वढी खुद नाफा गर्न सकेकोमा वधाई ज्ञापन ।
- FPO शेयर निष्काशन वाट रु.२८,१०,४३,४००।- शेयर प्रिमियम आर्जन गरी जगेडाकोष उल्लेख्य रुपमा वृद्धि गरेकोमा वधाई
- कम्पनीको कुल कर्मचारी संख्या २२९ मध्ये ७५ जना महिला रहेकोमा खुशि व्यक्त ।

**१०. शेयरधनीहरुको जिज्ञासा उपर सभाका अध्यक्ष श्री विकास जंग बहादुर राणाज्यूको प्रतिउत्तर :**

शेयरधनी महानुभावहरुले दिनु भएको सल्लाह र सुझावहरु अहम र महत्वपुर्ण भएको जानकारी गराउँदै सुझावहरु मनन गर्दै पालना गर्ने र आउँदा वार्षिक साधारण सभामा सोको आभाष हुने प्रतिवद्धता व्यक्त गर्नुभयो । अगामी साधारणसभामा अझ राम्रो परिणाम दिने विश्वास दिलाउन प्रयत्न गरिने जानकारी गराउनु भयो ।

**शेयरधनीहरुको जिज्ञासा उपर प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डेको प्रतिउत्तर :**

- यस कम्पनीले आफ्नो खुद धारण वढाएका कारणले पुनर्विमा कमिशनमा कमि आएको जानकारी गराउनु भयो ।
- हवाई विमामा बीमा समितिबाट जारी निर्देशिका बमोजिम कम्पनीको व्यवस्थापन खर्चको बाँडफाँडका कारण घाटा देखिएतापनि वास्तविक घाटा नभएको जानकारी ।
- हवाई बीमा गर्दा करिब ९९% पुनर्विमा हुने भएकोले हवाई बीमाबाट घाटा नहुने जानकारी ।
- कम्पनीको भावी योजना सम्वन्धमा वित्तीय विश्लेषणमा प्रष्ट पारिएको जानकारी व्यक्त ।
- Standard PE Ratio को सम्वन्धमा नियामक निकायवाट Standard नतोकिएको जानकारी ।
- भविष्यमा वढि भन्दा वढि मुनाफा आर्जन गर्दै जगेडाकोषलाई चुक्ता पुँजी सरह वढाउदै लैजाने विचार व्यक्त ।
- लेखा परिक्षकको कैफियतलाई सुधार गर्दै लगिएको धारणा व्यक्त ।
- बीमा वजार हिस्सा र विमाशुल्क आर्जन सम्वन्धमा तोकिएको लक्ष्य पुरा गर्ने प्रतिवद्धता व्यक्त ।
- शेयरधनीहरुको माग अनुसारको नयाँ बीमालेखहरु वजारको अवस्था हेरी प्रचलनमा ल्याउने विश्वास व्यक्त ।
- विमा दावी प्रक्रियालाई अझ सरल र सहज वनाई बीमा भुक्तानी कै माध्यमवाट विमाशुल्क आर्जन गर्न टेवा हुने विचार व्यक्त ।
- कम्पनीमा रहेका उच्च व्यवस्थापकिय अधिकृत, समयानुकुल कर्मचारी तालिम मार्फत कम्पनीको succession Plan राम्रो हुने धारणा व्यक्त ।
- नियामक निकायको निर्देशनको अधिनमा रही shareholder's benefit scheme तर्फ विचार गर्न सकिने धारणा व्यक्त ।
- कर्मचारीहरुको मनोवल वद्धि गर्न समय समयमा Staff award प्रदान गर्दै आएको सम्वन्धमा जानकारी व्यक्त ।
- पुनर्विमा कम्पनीमा जोखिम हस्तान्तरण गरिएकोले विमा शुल्क पुनविर्मकलाई गएको देखिए तापनि कम्पनीको रक्षा गरिएको सम्वन्धमा जानकारी सभामा गराउनु भयो ।
- नेपाल पुनर्विमा कम्पनीसंग चालु आ.व. देखि नै पुनर्बीमाको थालनी गरिएको र विस्तारै उक्त कम्पनीसंग पुनर्विमा व्यवसाय वृद्धी गर्दै जाने जानकारी ।
- नयाँ संचालकहरुको नियूक्तिको सम्वन्धमा कम्पनी निर्देशिका वमोजिम आगाडी वढने जानकारी व्यक्त ।

**११. वार्षिक साधारण सभाको निर्णय :**

१. आ.व.२०७१/७२ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सर्वसम्मत्तिद्वारा पारित गर्ने निर्णय गरियो ।

२. आ.व.२०७१/७२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तिय विवरणहरु उपर छलफल गरी सर्वसम्मत्तिद्वारा पारित गर्ने निर्णय गरियो ।

३. संचालक समितिवाट प्रस्तावित १.२६३१५८%(प्रस्तावित वोनस शेयरको कर प्रायोजनार्थ) नगद लाभांश सर्वसम्मत्तिद्वारा पारित गर्ने निर्णय गरियो ।

४. आर्थिक वर्ष २०७२/०७३ को लेखापरिक्षण कार्यका लागि श्री वि.के.अग्रवाल एण्ड कम्पनी, चार्टड एकाउन्टेन्टसलाई नियुक्ति गर्ने निर्णय गरियो । निजको पीारिश्रमिकको सम्बन्धमा संचालक समितको बैठकमा आवश्यक छलफल गरि पारिश्रमिक निर्धारण गर्न संचालक समितिलाई आवश्यक अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

५. कम्पनीले नेपाल पुनर्बीमा कम्पनीको संस्थापक शेयरमा गरिएको लगानी रकम कम्पनीको चुक्तापँजीको १० प्रतिशतभन्दा बढी हुन गएकोले सो लगानी रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

६. सञ्चालक समितिको प्रस्ताव बमोजिम चुक्ता पुँजीको २४ प्रतिशत बोनस शेयर वितरण गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो । (बोनस शेयर बितरण गर्दा खण्डित शेयरको हकमा माथिल्लो नजिकको अंकमा परिणत गर्ने र सो गर्दा साविककै शेयर स्वामित्व ( पुँजी प्रतिशत) कायम राख्ने गरी जारी पुँजी तथा चुक्ता पुँजी संशोधन गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो । यसरी शेयर संख्या थपघट गर्ने अधिकार संचालक समितिलाई दिने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो ।)

७. कम्पनीले संचालक समितिको निर्णय वमोजिम गरिएको चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गत खर्चहरुलाई अनुमोदन गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो ।

८. प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मत्तिद्वारा पारित गरियो ।

९. निर्वाचन कार्यक्रम वमोजिम सर्वसधारण शेयरधनीहरु समुह "ग" को तर्फवाट संचालक समितिमा प्रतिनिधित्व गर्ने एक जना, श्री स्कन्द अमात्य ज्यू निर्विरोध निर्वाचीत हुनु भएको भनि निर्वाचन अधिकृत श्री अवतार न्यौपाने ज्यूले घोषणा गर्नु भयो ।

**१२. धन्यवाद ज्ञापन**

यस बाहेक अन्य विषय नभएकोले अध्यक्षज्यूले सभामा उपस्थित हुनु भई आ-आफ्ना प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गरी एघारौं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित विभिन्न निकायका आमन्त्रित प्रतिनिधिहरु समेत उपस्थित महिला तथा सज्जनवृन्द सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

सुरज राजवाहक
कम्पनी सचिव

विकास जंग बहादुर राणा
अध्यक्ष